बैठक नं. ६

आ.व. २०८२/०८३

आज मिति २०८२/८/१२ गते नगरकार्यपालिकाको बैठक मध्यविन्दु नगरकार्यपालिकाको सभाहलमा नगर प्रमुख श्री भिमलाल अधिकारी ज्यूको अध्यक्षता र तपसिलका नगर कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा बसी निम्न निर्णयहरु गरियो।

तपसिल:

| क्र.सं. | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भिमलाल अधिकारी | नगर प्रमुख | |
| २ | पूर्णकला चौधरी | नगर उपप्रमुख | |
| ३ | तिलकराम न्यौपाने | वडाध्यक्ष वडा नं.१ | |
| ४ | रामभक्त अधिकारी | वडाध्यक्ष वडा नं.२ | |
| ५ | मान बहादुर महतो | वडाध्यक्ष वडा नं.३ | |
| ६ | डिल्लीराम थारु | वडाध्यक्ष वडा नं.४ | |
| ७ | गणेश प्रसाद पाठक | वडाध्यक्ष वडा नं.५ | |
| ८ | लाभ प्रसाद पाठक | वडाध्यक्ष वडा नं.६ | |
| ९ | कर्ण बहादुर मल्ल | वडाध्यक्ष वडा नं.७ | |
| १० | पर्शुराम महतो | वडाध्यक्ष वडा नं.८ | |
| ११ | मदन बहादुर कुमाल | वडाध्यक्ष वडा नं.९ | |
| १२ | रण बहादुर थापा क्षेत्री | वडाध्यक्ष वडा नं.१० | |
| १३ | महेश्वर भुषाल | वडाध्यक्ष वडा नं.११ | |
| १४ | कान्ता प्रसाद कुमाल | वडाध्यक्ष वडा नं.१२ | |
| १५ | अर्जुन प्रसाद पंगेनी | वडाध्यक्ष वडा नं.१३ | |
| १६ | मिन बहादुर दर्लामी मगर | वडाध्यक्ष वडा नं.१४ | |
| १७ | यम बहादुर के.सी. | वडाध्यक्ष वडा नं.१५ | |
| १८ | शिव कुमारी मल्ल | नगर कार्यपालिका सदस्य | |
| १९ | कोपिला ज्ञवाली पौडेल | नगर कार्यपालिका सदस्य | |
| २० | नारायणी कार्की | नगर कार्यपालिका सदस्य | |
| २१ | शान्ता बि.क. | नगर कार्यपालिका सदस्य | |
| २२ | हिरा कुमारी कुमाल | नगर कार्यपालिका सदस्य | |
| २३ | उमा कुमाल | नगर कार्यपालिका सदस्य | |
| २४ | कृष्ण प्रसाद बि.क. | नगर कार्यपालिका सदस्य | |
| २५ | प्रकाश परियार | नगर कार्यपालिका सदस्य | |
| २६ | विपिन क्षेत्री | सचिव | |

छैठौं कार्यपालिका बैठक

आ.ब.२०८२/०८३

मिति:२०८२/८/१२

समयः बिहान ८.३० बजे

स्थानः नगरकार्यपालिकाको कार्यालय

प्रस्तावहरुः

१. समीक्षा सम्बन्धमा।

२. नदीजन्य पदार्थ सम्बन्धमा।

३. विविध।

क. मध्यविन्दु नगरस्तरीय सामुदायिक पुस्तकालय व्यवस्थापन कार्यविधि, २०८२ स्वीकृति सम्वन्धमा।

ख. कृषि उपज संकलन केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ स्वीकृति सम्बन्धमा।

ग. निजी भवन निर्माण व्यवसायी सूचिकृत सम्बन्धी कार्यविधि, २०८२ स्वीकृति सम्वन्धमा।

घ. मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने कार्यविधि बमोजिमका लाभग्राही सिफारिस समिति गठन सम्बन्धमा।

ङ. कृषि विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०८० को पहिलो संशोधन सम्बन्धमा।

च. तम्सरिया सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापन समिति गठन सम्बन्धमा ।

छ. प्रारम्भिक बालविकास केन्द्र सञ्चालनका लागि अनुदान सम्वन्धमा ।

ज. हाटबजार व्यवस्थापन सम्बन्धमा।

झ. साधरण निर्माणमुखी खनिजको प्राविधिक सहमतिका लागि सिफारिस सम्बन्धमा।

निर्णयहरुः

१. अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको विषयमा प्रमुख प्रशासकीय अधिकृतबाट पेश भएको प्रतिवेदन माथि समीक्षा गरियो।

२. आ.व. २०८१/८२ मा गिरुवारी खोला रानीटार झोलुङ्गे पुलक्षेत्र तलमाथिको खण्डमा जिल्ला विपद् व्यवस्थापन समितिको मिति २०८२ असार १७ गतेको निर्णय नं. ३ बमोजिम मिति २०८२।३।२१ (दोश्रोपटक) मा प्रकाशित सूचना अनुसार च्यानालाइज गरी संकलन गर्न ठेक्का सकार गरेको सम्मेल कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा. लि. कावासोती ३ नवलपरासीले

डम्पिङ्ग गरेको स्थानमा रहेको नदीजन्य पदार्थ १०२३८ घनमिटर परिमाणलाई नगरपालिकाको आर्थिक ऐनमा उल्लेख भएको दररेट (रु ७) मा उक्त फर्मले सकार गरेको ढुवानी वापतको दररेट (रु ३.१८) समेत समावेश गरी रु १०.१८(भ्याट बाहेक) प्रति घनफिटका दरले आय ठेक्काका लागि सूचना प्रकाशन गर्ने।

३. विविध

क. नगरवासीहरूमा पठन संस्कृतिको विकास गरी सुसूचित एवं सभ्य समाज निर्माण गर्ने मुख्य उद्देश्यका साथ स्थापित मध्यविन्दु नगरस्तरीय सामुदायिक पुस्तकालयको सञ्चालन, व्यवस्थापन तथा दिगोपनलाई व्यवस्थित र प्रभावकारी बनाउनका लागि तयार गरिएको "मध्यविन्दु नगरस्तरीय सामुदायिक पुस्तकालय व्यवस्थापन कार्यविधि,२०८२" मध्यविन्दु नगरपालिकाको कार्यसम्पादन नियमावली २०७४ को अनुसूचि १(सि.नं.५) बमोजिम स्वीकृत गर्ने।

ख. नगरपालिका भित्र रहेका कृषकहरुको उत्पादनलाई वृद्धी गरी बजारको पहुँचसम्म पुर्याउन, स्वस्थ प्रतिस्पर्धात्मक बजार प्रणालीको विकास तथा व्यवस्थापन गरी नगरवासीलाई स्थानीय कृषि उपजहरुको उपयोग बढाउने उद्देश्यले तयार पारीएको कृषि उपज संकलन केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८२ मध्यविन्दु नगरपालिकाको कार्यसम्पादन नियमावली २०७४ को अनुसूचि १(सि.नं.५) बमोजिम स्वीकृत गर्ने।

ग. नगरपालिका क्षेत्र भित्र भवन संहिताको कार्यान्वयन गरी सुरक्षित भवन निर्माणको सुनिश्चितता गर्ने उद्देश्यले तयार पारिएको मध्यविन्दु नगरभित्रका निजि घर निर्माण गर्ने निर्माणकर्मी/ठेकदार सूचिकृत गराउने कार्यविधि, २०८२ मध्यविन्दु नगरपालिकाको कार्यसम्पादन नियमावली २०७४ को अनुसूचि १(सि.नं.५) बमोजिम स्वीकृत गर्ने।

घ. मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने कार्यविधि बमोजिमका लाभग्राही सिफारिस गर्न नगर प्रमुखको संयोजकत्वमा देहायको ५ सदस्य रहने समिति गठन गर्ने।

देहायः

संयोजकः नगर प्रमुख

सदस्यः नगर उपप्रमुख

सदस्यः प्रमुख प्रशासकीय अधिकृत

सदस्यः सम्बन्धित वडाध्यक्ष

सचिवः स्वास्थ्य शाखा प्रमुख

ङ. कृषि विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०८० मा देहायको पहिलो संशोधन स्वीकृत गर्ने।

| सि.नं. | संशोधन हुने दफा | उपदफा | भएको व्यवस्था | संशोधन व्यवस्था | संशोधन गर्नु पर्नाका कारण |
|---|---|---|---|---|---|
| १ | २७ | २७.२ (१) | शाखाले यस कार्यक्रममा सहभागी हुन इच्छुक सहकारी संस्थाहरुलाई कम्तिमा १५ दिनको सूचना गरि निवेदन माग गर्नेछ। | शाखाले यस कार्यक्रममा सहभागी हुन इच्छुक कृषक समूह तथा सहकारी संस्थाहरुलाई कम्तिमा १५ दिनको सूचना गरि निवेदन माग गर्नेछ। | कार्यक्रमको प्रभावकारीता, पहुँच वृद्धि तथा लक्षित समूहको व्यापक सहभागिता सुनिश्चित गर्न सहकारी संस्थासँगै कृषक समूहलाई समेत सूचना प्रकाशन तथा निवेदन प्रक्रियामा समेट्नुपर्ने आवश्यकता औंल्याइएकाले सम्वन्धित दफा संशोधित गरिएको हो। |
| २ | २७ | २७.२ (३) ङ | लक्षित वर्ग तथा क्षेत्र<br>क. समूह तथा सहकारी संस्थाको प्रकृति<br>१. कृषि सहकारी -१५<br>२. अन्य सहकारी-५ | लक्षित वर्ग तथा क्षेत्र<br>ख. समूह तथा सहकारी संस्थाको प्रकृति<br>३. कृषि सहकारी-१५<br>४. कृषक समूह-१०<br>५. अन्य सहकारी-५ | लक्षित वर्गको दायरा विस्तार गरी कृषक समूहलाई समेत समावेश गर्न तथा वर्गीकरणलाई अझ व्यवस्थित बनाउन समूह तथा सहकारी संस्थाको प्रकृतिअनुसार छुट्टै अंक निर्धारण गरी दफा संशोधित गरिएको हो। |

च. यस नगरपालिकाको सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०८२ को दफा २६ ले दिएको अधिकार बमोजिम तम्सरिया सामुदायिक सिकाइ केन्द्रको दफा १३ बमोजिमको व्यवस्थापन समितिको रूपमा कार्यसम्पादन गर्न मध्यविन्दु नगरस्तरीय सामुदायिक पुस्तकालय व्यवस्थापन कार्यविधि-२०८२ बमोजिम गठन हुने पुस्तकालय सञ्चालन तथा व्यवस्थापन समितिलाई जिम्मेवारी प्रदान गर्ने । साथै उक्त सामुदायिक सिकाइ केन्द्रका क्रियाकलापहरू अर्को व्यवस्था नभएसम्मका लागि नगरस्तरीय पुस्तकालयबाट सम्पादन गर्ने गरी आवश्यक व्यवस्था मिलाउने ।

छ. मध्यविन्दु-१४ मा रहेको श्री बराहदेवी प्राथमिक विद्यालयमा सरकारी स्रोतबाट प्रारम्भिक बालविकास कक्षाको प्रबन्ध नभएको, विद्यालयको आन्तरिक स्रोत समेत नभएकाले विद्यालय शिक्षाको संरचनाभित्र समावेश भएको बालविकास कक्षा सञ्चालन गर्न कठिनाइ भई आवश्यक सहयोगका लागि विद्यालयबाट अनुरोध भई आएको परिप्रेक्ष्यमा उक्त विद्यालयलाई सरकारी अनुदानका बालविकास कोटा उपलब्ध नभएसम्मका लागि सहजकर्ताको व्यवस्थापन गर्न विद्यालय कर्मचारी, प्रारम्भिक बालविकासका सहजकर्ता र सामुदायिक सिकाइ केन्द्रका परिचालिकाहरुलाई थप तलव व्यवस्थापन शीर्षकबाट नगरपालिकाले संघीय अनुदानका सहजकर्ताहरूका लागि थप गरिए अनुसारको मासिक रू ८००० का दरले १३ महिना बराबरको अनुदान सहयोग सोही शिर्षकबाट उपलब्ध गराउने ।

ज. नगर क्षेत्रभित्र सञ्चालन हुने अरुणखोला बजार, चोरमारा बजार र हर्बस्टारमा लाग्ने हाटबजारको आय व्यवस्थापनका लागि कार्यालयबाट मिति २०८२/४/१, २०८२/४/८ र २०८२/४/१७ मा २०८३ असार मसान्त सम्मको लागि सिलवन्दी दरभाउपत्र पेश गर्ने सूचना प्रकाशन भएकोमा कुनै पनि प्रस्ताव नपरेको र मिति २०८२/७/१६ मा २०८४ असार मसान्त सम्मको लागि सिलवन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धमा पुन सूचना प्रकाशन हुदाँ समेत कुनै व्यवसायी / फर्महरुबाट प्रस्ताव पेश हुन नआएको हुदाँ नगरपालिकाको आयलाई निरन्तरता दिनका लागि नगरपालिका मार्फत आन्तरिक रुपमा नगर प्रहरी/ कर्मचारी खटाई आर्थिक ऐनमा उल्लेख भएको शुल्क संकलन गर्ने। साथै उक्त हाटबजारको फोहोर व्यवस्थापन एवम् सरसफाई कार्य गर्नका लागि स्थानीय व्यक्ति खटाउने र निजलाई प्रत्येक पटकको सरसफाई बापत रु ५००।- दिने।

झ. खानी तथा खनिज पदार्थ ऐन, २०४२ र सोको नियमावली २०५६ को व्यवस्था बमोजिम खानी तथा भूगर्भ विभागबाट उत्खनन् कार्ययोजना, प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको कार्यसूचि र प्रतिवेदन स्वीकृत गराई विभागको सहमति प्राप्त गरी उत्खनन्

अनुमति जारी गर्ने व्यवस्था अनुरुप मध्यविन्दु ५ निवासी प्रसाद बोहराको निजी जग्गा कि. नं. ५५६ क्षेत्रफल ०-६-४ को जग्गा सम्याउँदा निस्कने बढी परिमाणको साधारण निर्माणमुखी माटो बेचबिखनको लागि ५ नं. वडा कार्यालयको सिफारिस एवम् प्रस्तावक आस्था सप्लायर्स मध्यविन्दु-४ ले तयार गरी पेश गरेको संक्षिप्त वातावरणीय अध्ययन कार्यसूचि, संक्षिप्त वातारणीय अध्ययनको प्रतिवेदन स्वीकृति र प्राविधिक सहमतिको लागि खानी तथा भूगर्भ विभाग लैनचौर, काठमाडौंलाई सिफारिस गरी पठाउने।